फोन नं. (Tel.No.): ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

"सवल, सक्षम, सुशासनयुक्त विकासमुखी स्थानीय सरकार"

# कागेश्वरी मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

पत्र संख्याः २०८०/८१

मितिः-२०८०/१२/१३

**"समूदायमा आधारित पुनर्स्थापना कार्यक्रममा (CBR) प्रस्तावना पेश गर्ने सम्बन्धी पुनः प्रकाशित सूचना"**

प्रस्तुत विषयमा आ.व.०८०/८१ का लागि प्राप्त अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक, आर्थिक सशक्तिकरण गरी विकासको मूल प्रवाहमा ल्याउने उद्देश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, मार्फत स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिहरुको लागि समूदायमा आधारित पुनर्स्थापना कार्यक्रम(CBR) प्राप्त भए बमोजिम यस नगरपालिका भित्र रहेका अपाङ्गता सम्बन्धी काम गर्ने गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा सञ्चालन गर्न यो सूचना जारी गरिएको हो। यो सूचना जारी भएको मितिले ७ दिन (अन्तिम दिन विदा भएमा त्यस पछिको कार्यालय लाग्ने दिन) भित्र योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाले तपसिलको रित र शर्त पुरा गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना मार्फत जानकारी गराइन्छ। सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्देशिका वमोजिम संस्था छनौट गर्ने अधिकार समूदायमा आधारित पुनर्स्थापना कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई हुनेछ।

**तपसिल**

**१.दरखास्त साथ बुझाउनुपर्ने कागजातहरु**

क) संस्था दर्ता, नविकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छायाँप्रति

ख) समाजकल्याण परिषद्को आवद्धता पत्र

ग) गत वर्षको बार्षिक प्रगती प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन

घ) संस्थाको भौतिग पुर्वाधारको अवस्था

ङ) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात

च) हाल सम्म गरेका कार्यहरुको विवरणहरु साथै नगरपालिका संग साझेदारिमा सम्पन्न गरेका कार्यक्रमहरुको विवरण।

**२.प्राथमिकता**

क) यस न.पा. भित्र दर्ता गरी सूचिकृत भई कार्यरत (त्यस्तो संस्था नभएमा काठमाडौं जिल्ला भित्र दर्ता भई यस नगरपालिकामा सूचिकृत गरी कार्यरत) रहेको।

**३. प्रस्ताव दर्ताकालागि कुनै शुल्क लाग्ने छैन**

**४. प्रस्तावनामा कुनै प्रशासनिक खर्च उललेख गर्न पाईने छैन।**

**५. प्रस्ताव अपाङ्गता भएका व्यक्ति तथा परिवारको क्षमता अभिवृद्धि (शिक्षा, स्वास्थ्य, सीप आदिमा) गरी आय आर्जन तथा स्वावलम्बन वनाउन लक्ष्यित हुनपर्ने।**

६.बजेट तथा कार्यक्रमः-

| क.सं. | कार्यक्रम शिर्षक | बजेट रकम | कार्यक्रम सम्पन्न गर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १ | समूदायमा आधारित पुनर्स्थापना कार्यक्रम(CBR) | रु.२,७०,०००/- | बैसाख मसान्त | |

७.प्रस्ताव दर्ता गर्ने स्थानः-

कागेश्वरी मनोहरा नगरपालिका महिला बालबालिका तथा समाजकल्याण शाखा सम्पर्क नं.९८४२१९७६४०

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत